# जिल्ला समन्वय समितिको कार्यालय

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## राजश्व बेरुजु रकम तु. दाखिला गर्ने सम्बन्धमा सम्बन्धित ठेकेदारको नाममा जारी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति : २०८१/१२/२६)

यस जिल्ला समन्वय समितिको कार्यालय (साविक जिल्ला समन्वय समितिको कार्यालय), तनहुँ र तपसिलमा उल्लिखित तपाई ठेकेदारहरुबीच आ.व. २०५९/६० मा भएको सम्झौता बमोजिम नदिजन्य पदार्थ **ढुङ्गा, गिट्टी, बालुवा निकाशी** गर्ने सम्बन्धमा र **कवाडी सङ्कलन तथा निकाशी** गर्ने सम्बन्धमा तपाई ठेकेदारले ठेक्का लिनु भएको र ठेक्का सम्झौतामा उल्लिखित शर्त बमोजिम तपाईले नियमानुसार आ.व. २०५९/६० को अन्त्यसम्ममा (२०६० साल आषाढ मसान्त सम्ममा) बुझाउनुपर्ने **तपसिलमा उल्लिखित राजश्व ठेक्का रकम मध्ये** यस कार्यालयलाई बुझाउन बाँकी तपसिलमा उल्लिखित **राजश्व ठेक्का रकम हाल सम्म नबुझाउनु भएको** / बुझाउनुभएको नदेखिएको र महालेखापरीक्षकको कार्यालयबाट यस कार्यालयको आ.व. २०५९/६० को लेखापरीक्षण हुँदा लेखापरीक्षण प्रतिवेदनको दफा १२ मा तपसिलमा उल्लेख भए बमोजिम तपाईको नाममा उक्त बुझाउन बाँकी राजश्व रकम असुलउपर गर्नुपर्ने बेरुजु औंल्याइएको हुँदा उक्त असुलउपर गर्नुपर्ने राजश्व बेरुजु रकम दाखिला गर्नुहुन भनी **तपसिलमा उल्लिखित तपाईलाई यस कार्यालयको च.नं. १४३, मिति २०८१/०६/०८ को जरुरी पत्रानुसार र यस कार्यालयको च.नं. २२१, मिति २०८१/०९/१२ को जरुरी पत्रानुसार उचित समय सीमा समेत दिई पटक पटक पत्राचार गर्दा समेत** तपाईले माथि उल्लिखित पत्रको वेवास्ता र अटेर गरी दाखिला गर्नुपर्ने असुलउपर बापतको तपसिल बमोजिमको राजश्व बेरुजु रकम हालसम्म पनि दाखिला नगर्नुभएको हुँदा यो सूचना यस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा सम्पर्क गरी राजश्व शीर्षक नं. १५१११, कार्यालय कोड ३६५००३८०१ मा सम्झौताको शर्त बमोजिम **तपसिलमा उल्लेख भए बमोजिम बुझाउन बाँकी राजश्व ठेक्का रकम र नियमानुसार सो को बार्षिक १० प्रतिशतका दरले हुन आउने हर्जना रकम समेत** दाखिला गरी सो को सक्कल भौचर यस कार्यालयमा पेश गरी आफ्नो नाममा रहेको राजश्व बेरुजु फछर्यौट गर्न सहयोग पुऱ्याउनुहुन सूचित गरिन्छ । अन्यथा प्रचलित कानून बमोजिम तपसिलमा उल्लिखित तपाई ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कार्यबाही प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत जानकारीको लागि सूचित गरिन्छ ।

तपसिल :

| क्र. सं. | अशुलउपर गर्नुपर्ने राजश्व बेरुजु रकम दाखिला गर्नुपर्ने ठेकेदारको नाम र ठेगाना | ठेक्काको किसिम (वापत्) | आ.व. २०५९/६० मा राजश्व ठेक्का लिएको ठेक्का रकम | सम्झौता मिति | आ.व. २०५९/६० मा बुझाएको राजश्व ठेक्का रकम रु. | दाखिला गर्न / बुझाउन बाँकी राजश्व बेरुजु रकम रु. | आ.व. २०५९/६० देखि आ.व. २०८१/८२ सम्म नियमानुसार बुझाउनुपर्ने ब्याज हर्जना रकम (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | ठे. श्री घनश्याम भट्टराई<br>ढोरफिर्दी, शुक्लागण्डकी, तनहुँ | ढुङ्गा, गिट्टी, बालुवा | ७,५१,०००.०० | आ.व. २०५९/६० | ६,२६,०००.०० | १,२५,०००.०० | नियमानुसार हरेक आ.व. को १०% का दरले हुने रकम |
| २ | ठे. श्री शिव ओम मल्ल<br>आँबुखैरेनी, तनहुँ | ढुङ्गा, गिट्टी, बालुवा | ४,०४,०००.०० | आ.व. २०५९/६० | २,५०,०००.०० | १,५४,०००.०० | नियमानुसार हरेक आ.व. को १०% का दरले हुने रकम |
| ३ | ठे. श्री मनोज अधिकारी<br>छाङ्ग – १ (हाल म्याग्दे), तनहुँ | कवाडी कर | ७,५१,०००.०० | आ.व. २०५९/६० | ५,९९,५००.०० | १,५१,५००.०० | नियमानुसार हरेक आ.व. को १०% का दरले हुने रकम |
| ४ | ठे. श्री हर्कजंग गुरुङ<br>भोर्लेटार – ४, लम्जुङ | ढुङ्गा, गिट्टी, बालुवा | ३१,२५,९९९.९९ | २०५९-०३-२८ | ७,८१,५००.०० | २३,४४,४९९.९९ | नियमानुसार हरेक आ.व. को १०% का दरले हुने रकम |
| ५ | ठे.श्री उज्वल अनुप लामा<br>काभ्रेपलाञ्चोक | ढुङ्गा, गिट्टी, बालुवा विक्री | १५,७६,९९९.९९ | २०५९-१०-०६ | ३,९४,२५०.०० | ११,८२,७४९.९९ | नियमानुसार हरेक आ.व. को १०% का दरले हुने रकम |
| ६ | ठे. श्री देव बहादुर ज्वारचन<br>भिमाद, तनहुँ | ढुङ्गा, गिट्टी, बालुवा निकासी कर | १३,५१,०००.०० | २०५९-०३-३२ | ५,००,०००.०० | ८,५१,०००.०० | नियमानुसार हरेक आ.व. को १०% का दरले हुने रकम |
| | जम्मा | | ७९,५९,९९९.९८ | | ३१,५१,२५०.०० | ४८,०८,७४९.९८ | |

२०८१/१२/२५

जिल्ला समन्वय अधिकारी